# कोलम्बस सिटी स्कुल्स्

**अभिभावक जानकारी**

**ब्रोसर**




# दोस्रो भाषाको रूपमा अंगेजी

दोस्रो भाषाको रूपमा अंग्रेजी [English as a Second Language (ESL)] कार्यक्रमको लक्ष्य निम्न 5 वटा सीपका क्षेत्रहरूमा विद्यार्थीको सिकाइलाई सहजीकरण गर्नु हो: पढाइ (पठन), लेखाइ, बोलाइ, सुनाइ तथा सांस्कृतिक संवर्द्धन । यसका अतिरिक्त, ESL ले अंग्रेजीमा सीमित प्रवीणता भएका विद्यार्थीहरूलाई अमेरिकी समाजको सदस्य बन्ने क्रममा कक्षा उतिर्ण गरेर माथिल्लो कक्षामा चढ्न चाहिने आवश्यकताहरू तथा उतिर्ण मापदण्डहरू पूरा गर्नमा शैक्षिक अवसरहरू उपलब्ध गराउँछ ।


**ESL Department Office**
**ESL विभाग कार्यालय**

**ESL Service Center**

Michael Sain, ESL Director
4077 Karl Rd.
Columbus, OH 43224
Program Office: 614-365-8802


**llámenos para más información**
**appelez-nous pour plus d'informations**
**nala soo xiriir wixii macluumaad dheeraad ah**
**थप जानकारीको लागि हामीलाई कल गर्नुहोस्**
**نرجو منكم الاتصال بنا للحصول على مزيد من المعلومات**

## कलेज तथा क्यारियर तैयारीको क्रममा आफ्नो बच्चालाई अंग्रेजीमा शुरूदेखि नै सहायता गर्ने

Columbus City Schools

# कोलम्बस सिटी स्कुल्समा आफ्नो बच्चालाई भर्ना गराउने

1. हामी तपाईंलाई LAS Links English परीक्षा दिन तपाईंको बच्चाको लागि एपोइन्टमेन्टको समय मिलाउन Central Enrollment (केन्द्रिय नामाङ्कन) लाई (614) 365-4011 मा फोन गर्न प्रोत्साहित गर्छौं।

2. जब तपाईं मूल्याङ्कनको लागि Central Enrollment (430 Cleveland Ave, Columbus OH 43215) मा आउनुहुन्छ कृपया आफ्नो साथ् निम्न कुराहरू ल्याउनुहोस्:

   - आमाबुबाको फोटो सहितको परिचयपत्र
   - विद्यार्थीको जन्म प्रमाणपत्र
   - संरक्षकत्व जिम्मा/अभिभावकत्वको जिम्मा (यदि लागू हुने भएमा)
   - ठेगानाको प्रमाणीकरण
   - खोप सम्बन्धी अभिलेखहरू (खोपको जानकारी)
   - पहिलाको स्कुलबाट स्कुल छोडेको कागज वा अघिल्लो कक्षाको कार्ड (यदि लागू हुने भएमा)
   - विशेष शिक्षा सम्बन्धी कागजपत्रहरू

3. यदि तपाईंको बच्चाको क्षयरोगको परीक्षण गर्नुपर्ने भएमा उक्त परीक्षण गरिनेछ। त्यसको दुइ दिन पछि उक्त परीक्षणको नतिजाको लागि तपाईं एकपटक पुनः आउनुपर्नेछ।
4. तपाईंको बच्चाले LAS Links English परीक्षा दिइसके पश्चात तपाईंसँग परीक्षामा अंग्रेजीको बोलाइ, सुनाइ, पढाइ तथा लेखाइमा प्राप्त अंक बारे छलफल गरिनेछ।
5. अंग्रेजीमा आवश्यक साहायताका विभिन्न स्तरहरू बारे छलफल गरिनेछ र तपाईंको बच्चाको अंग्रेजीको स्तर तथा तपाईं बस्ने ठाउँका आधारमा तपाईंलाई तपाईंको बच्चाको लागि एउटा स्कुल सिफारिस गरिनेछ।
6. तपाईंसँग तोकिएको ESL स्कुल स्वीकार वा अस्वीकार गर्ने अधिकार रहन्छ। तपाईंको हस्ताक्षर आवश्यक पर्नेछ।
7. यदि तपाईंको बच्चालाई स्कुल आउजाउ गर्न बस आवश्यक परेमा नयाँ स्कुलले तपाईंको बच्चालाई कहाँ लिन आउनेछ तथा कहाँ छोड्नेछ भनेर तपाईंलाई जानकारी दिनेछ।
8. तपाईंको बच्चाको नयाँ स्कुलले तपाईंको बच्चाको अंग्रेजी स्तरको एक प्रति प्राप्त गर्नेछ ताकि उनले आफ्नो स्तरको सेवाहरू प्राप्त गर्न सकुन्।
9. हरेक वर्षको नोभेम्बर महिनामा स्कुलमा अभिभावक-शिक्षक कन्फरेन्स दिवा/रात्री आयोजना गरिन्छ। यस कन्फरेन्समा उपस्थित भएर तपाईंलाई नयाँ स्कुल, शिक्षकहरू तथा तपाईंको बच्चाले सामना गरिरहेको कुनै कठिनाइ बुझ्न मद्दत हुनेछ।

# ESL कार्यक्रमहरू

## प्राथमिक (Elementary) तहमा (कक्षा K-5)

- भाषा प्राप्ति - ESL शिक्षकले बोलाइ, सुनाइ, पढाइ तथा लेखाइमा काम गर्नको लागि अंग्रेजी भाषामा नयाँ रहेका विद्यार्थीहरूको सानो-सानो समूह बनाउनुहुन्छ
- स्तर अनुसारको साक्षरता हस्तक्षेप - ESL द्विभाषी सहायकहरू तथा केही शिक्षकहरूले कक्षाको स्तर अनुसार पढाइमा निपुणता नभएका विद्यार्थीहरूको लागि थप पढाइ मद्दत उपलब्ध गराउनुहुन्छ
- गणित साक्षरता हस्तक्षेप - गणित साक्षरता हस्तक्षेपकर्ताहरू, द्विभाषी सहायकहरू तथा केही शिक्षकहरूले कक्षाको स्तर अनुसारको गणितमा निपुणता नभएका विद्यार्थीहरूको लागि गणितमा मद्दत उपलब्ध गराउनुहुन्छ
- पुस-इन कार्यक्रम - द्विभाषी शिक्षण सहायकहरू तथा ESL शिक्षकहरूले नियमित कक्षाहरूमा ESL विद्यार्थीको लागि थप मद्दत उपलब्ध गराउनुहुन्छ

## निम्न-माध्यमिक (Middle) स्कुल तह (कक्षा 6-8)

- अंग्रेजी भाषा विद्यार्थीहरूले आफ्नो ESL शिक्षकसँग अँगेजी भाषाको कक्षा पढ्छन्
- अन्य कक्षाहरू मुख्यधाराका विद्यार्थीहरूसँग सँगै पढिन्छ
- Mifflin MS सँग ESL सेल्टरड साइट छ
  - अंग्रेजी, गणित, विज्ञान तथा सामाजिक शिक्षाका कोर्सहरू ESL शिक्षकहरूसँग लिइन्छ
  - अन्य सबै कक्षाहरू मूल रूपमा अंग्रेजी भाषा बोल्नेहरूसँग सँगै लिइन्छ

## माध्यमिक (High) स्कुल तह (कक्षा 9-12)

- अंग्रेजी, गणित, विज्ञान तथा सामाजिक शिक्षाका कोर्सहरू ESL शिक्षकहरूसँग लिन सकिन्छ*
  - अन्य सबै कक्षाहरू मूल रूपमा अंग्रेजी भाषा बोल्नेहरूसँग सँगै लिइन्छ
  - विद्यार्थीहरूको अंग्रेजी सुधार हुँदै जाँदा उनीहरूले मूल रूपमा अंग्रेजी भाषा बोल्नेहरूसँग थप कक्षाहरू लिँदै जानेछन्

## Columbus Global Academy (कोलम्बस ग्लोबल एकेडेमी) (कक्षा 6-12)

- निम्न माध्यमिक तथा माध्यमिक तहका पूर्व-कार्यात्मक स्तरका विद्यार्थीहरू Columbus Global Academy मा कक्षाहरूका लागि योग्य हुन सक्छन्
  - Columbus City Schools मा दुइ वर्ष भन्दा कम समय देखि रहेको हुनुपर्ने
  - अंग्रेजी भाषाको लागि नयाँ भएको अंग्रेजी भाषा विद्यार्थी हुनुपर्ने
  - ESL विभागको स्वीकृति सहित Assessment Center (मूल्याङ्कन केन्द्र) वा अघिल्लो स्कुलले सिफारिस गरिएको हुनुपर्ने
- सबै कक्षाहरू ESL शिक्षकहरूबाट लिइन्छ

## Fort Hayes Career Center (फोर्ट हेयज क्यारियर सेन्टर) (कक्षा 10-12)

- विद्यार्थीहरू चिकित्सा साहायक, नर्सिङ, कार्पेन्टरी, अटोमोबाइल टेक्निसियन जस्ता  विशिष्ट रोजगारी सीपहरू सिक्न क्यारियर केन्द्रमा पढ्न आउन सक्छन्
- पढ्न आउने ESL विद्यार्थीहरूलाई सहयोग उपलब्ध गराइन्छ
- क्यारियर केन्द्रमा पढ्न आउने कुनै पनि विद्यार्थीलाई रोजगारी वा विश्वविद्यालयमा पढ्नको लागि तयार गरिन्छ

***सेल्टरड साइटहरूले ESL प्रमाणित शिक्षकहरूसँग अंग्रेजी, गणित, विज्ञान तथा सामाजिक शिक्षा कक्षाहरू पढ्ने अवसर प्रदान गर्छ**

# ESL सेवा केन्द्रका सेवाहरू

## ESL कल सेन्टर

यदि तपाईंलाई कोलम्बस सिटी स्कुल्समा कसैसँग कुरा गर्नु जरूरी छ तर तपाईंलाई दोभाषे आवश्यक पर्छ भने ESL कल सेन्टरलाई (614) 365-8802 मा सम्पर्क गर्नुहोस्। हामीसँग शैक्षिक वर्षको दौरानमा सोमबारदेखि शुक्रबारसम्म बिहान 8:00 बजेदेखि दिउँसो 3:00 बजेसम्म  स्पेनी, नेपाली, सोमाली तथा अरबी भाषाको लागि दोभाषेहरू छन्।

## **OGT, कलेज तथा क्यारियर तैयारी कार्यक्रम** (614) 365-8802

यो कार्यक्रम सबै आवश्यक कोर्सहरू उतिर्ण गरेका तर OGT को सबै 5 वटा योग्यता उतिर्ण नगरेका ESL विद्यार्थीहरूका लागि हो। विद्यार्थीले पूर्ण उतिर्ण हुनको लागि Ohio Graduation Test (OGT) सबै 5 योग्यताहरू उतिर्ण गर्नुपर्छ।

- OGT को लागि सानो समूह निजी शिक्षण
- क्यारियर विकास/आधारभूत रोजगारी सीपहरू
- कलेज तैयारीको लागि स्रोतहरू

## **अभिभावक साक्षरता कार्यक्रम** (614) 365-8802

- आमाबुबाको अंग्रेजी सुधार गर्न
- आमाबुबाहरूलाई स्कुलको प्रक्रियाहरू बुझ्न तथा आफ्नो बच्चालाई सफल बनाउन सहयोग गर्नको लागि मद्दत गर्न
- आमाबुबाहरूको आधारभूत रोजगारी सीपहरूलाई सुधार गर्न
- हाम्रो ESL परिवारहरूलाई आफ्नो समुदाय तथा स्कुलहरूमा अझ बढी सक्रिय भूमिका खेल्न प्रोत्साहित गर्न

## **ESL OGT समर इन्स्टिच्युट** (भर्ना फारमहरू स्कुलहरूमा उपलब्ध हुन्छन्)

- कक्षा10-12 का ESL विद्यार्थी तथा अन्य विद्यार्थीहरू जसले OGT को सबै 5 योग्यताहरूलाई उतिर्ण गरेका छैनन्
- 2 हप्ते गहन OGT अभ्यास
- OGT परीक्षा तेस्रो हप्तामा लिइन्छ

# डिस्ट्रिकका अन्य सेवाहरू

## विशेष शिक्षा

यदि तपाईंको बच्चालाई स्कुलमा नियमित रूपमा कठिनाइ वा समस्याहरू भइरहेमा तपाईंको बच्चालाई अतिरिक्त मद्दत आवश्यक पर्छ कि भनेर निर्धारण गर्न तथा थप सहयोग उपलब्ध गराउनको लागि योजना बनाउन तपाईंलाई स्कुलद्वारा सम्पर्क गरिनेछ। यदि तपाईंको बच्चाले विशेष शिक्षाबाट अतिरिक्त सहयोग प्राप्त गर्छन् भने अंग्रेजीको लागि उपयुक्त मद्दत निर्धारण गर्न ESL शिक्षक तथा विशेष शिक्षा शिक्षकले मिलेर काम गर्नुहुनेछ। आमाबुबाले बच्चाको स्कुललाई सम्पर्क गरेर वा यदि दोभाषे आवश्यक भएमा (614) 365-8802 मा फोन गरेर शिक्षकहरूसँग भेट्नको लागि पनि अनुरोध गर्न सक्छन्।

## Gifted & Talented प्रतिभाशाली तथा मेधावी

शरद ऋतुमा, तीव्र गतिमा सिक्ने विद्यार्थीहरू पहिचान गर्न कक्षा 2 तथा 6 का विद्यार्थीहरूको एउटा परीक्षा लिइन्छ जसको नाम Terra Nova/InView हो। यदि तपाईंको बच्चा तीव्र गतिमा सिक्ने विद्यार्थी हो भने तपाईंलाई सम्पर्क गरिनेछ। प्रतिभाशाली तथा मेधावी सेवा विभागबाट सेवाहरू उपलब्ध गराइनेछ।



# ESL कार्यक्रमबाट बाहिरिने

हरेक हिउँदमा तपाईंको बच्चाले अंग्रेजीमा आफ्नो बोलाइ, सुनाइ, पढाइ तथा लेखाइ स्तरहरू निर्धारण गर्न Ohio English Language Proficiency Assessment (ओहायो अंग्रेजी भाषा प्रवीणता मूल्याङ्कन) (OELPA) परीक्षा दिनु पर्नेछ ।

तपाईंको बच्चाको अंग्रेजी सुधार हुँदै जाँदा उनको स्तर पनि बढ्नेछ । अंग्रेजीको पाँचवटा स्तरहरू हुन्छन् ।

**स्तर 1—पूर्व-कार्यात्मक**

विद्यार्थीहरूले आफूले सुनेका वा पढेका केही शब्द तथा वाक्यांशहरू बुझ्न शुरू गर्छन्, केही सामान्य शब्द तथा वाक्यांशहरू दोहोर्याउन र अक्षर तथा केही शब्दहरूको नक्कल उतार्न वा लेख्न सक्षम हुन सक्छन् ।

**स्तर 2—सिकारू**

विद्यार्थीहरू सरल लिखित निर्देशन. अंग्रेजीमा कम स्तरका सजिला कथा, सरल तरिकामा बोलिएका कुरा, प्रश्न तथा सन्देशहरू बुझ्न, बारम्बार व्याकरणीय गल्ती रहेका वाक्यहरू लेख्न र  कण्ठ गरिएका वाक्यांश प्रयोग गरेर बोल्न शुरू गर्छन् ।

**स्तर 3—मध्यम**

विद्यार्थीहरू आफ्नो भन्दा तल्लो कक्षाको पाठ्यपुस्तकमा रहेका मुख्य भाव तथा सहायक विवरण बुझ्छन्, अधिकांश सामाजिक अवस्थाहरूमा हुने कुराकानीहरूलाई बुझ्छन्, कक्षाका कार्यहरू (शिक्षकको मद्दतका साथमा) लेख्छन् । मध्यम विद्यार्थीहरूलाई शिक्षकको सहायताका साथमा कक्षाको स्तर अनुसार कक्षाका कार्यहरू दिनुपर्छ ।

**स्तर 4—उच्च / परीक्षण-मुलप्रवाह**

विद्यार्थीहरू स्कुलका विषयहरूका लागि चाहिने शैक्षिक भाषा बुझ्छन्, कक्षा स्तरका अधिकांश पाठ्यपुस्तकहरू बुझ्न सक्षम हुन्छन् र विस्तृत छलफलहरूमा सहभागी हुनसक्छन् । यी विद्यार्थीहरूलाई सीमित सहयोगका साथमा वा कुनै थप मद्दत बिना नियमित कक्षाहरूमा समावेश गराइन्छ ।

**स्तर 5—पूर्ण अंग्रेजी प्रवीणता**

विद्यार्थीहरू मूल रूपमा अंग्रेजी भाषा बोल्नेहरू झैं अंग्रेजी बुझ्छन्, बोल्छन्, पढ्छन् तथा लेख्छन् । उनीहरूले त्यसपछि अतिरिक्त सहयोग प्राप्त गर्दैनन् र उनीहरूलाई सीमित अंग्रेजी प्रवीण भनिदैन ।

- पूर्व-कार्यात्मक तथा सिकारू स्तरहरूमा ESL शिक्षक तथा नियमित शिक्षकहरूबाट सहयोग सिफारिस गरिन्छ
- एकपटक बच्चा मध्यम स्तर पुगेपछि शिक्षक तथा आमाबुबाले बच्चालाई अझ कति सहयोग आवश्यक छ भनेर छलफल गर्नुपर्छ
- बच्चा स्तर 4 मा पुगेपछि उनले मूल रूपमा अंग्रेजी भाषा बोल्नेहरूसँग सँगै कक्षामा पढ्नुपर्छ र आवश्यक परेको खण्डमा मात्र उनलाई सहयोग गरिनुपर्छ
- OELPA) परीक्षा उतिर्ण गरिसकेपछि अब तपाईंको बच्चालाई सीमित अंग्रेजी प्रवीण विद्यार्थी मानिदैन र उनले ESL बाट सेवाहरू प्राप्त गर्ने छैनन्

# तपाईंको बच्चालाई शैक्षिक रूपमा मद्दत गर्ने सल्लाहहरू

- अभिमुखीकरण साँझ तथा अभिभावक-शिक्षक कन्फरेन्स जस्ता स्कुलका क्रियाकलापहरूमा सहभागी हुनुहोस् । आफ्नो बच्चाले के सिक्दै छन् र उनको प्रगति कस्तो भइरहेछ भनेर सुसूचीत रहनुहोस् ।

- आफ्नो घरमा शान्त ठाउँ तोक्नुहोस् जहाँ तपाईंको बच्चाले उनको शिक्षकद्वारा दिइएका गृहकार्यहरू शान्त वातावरणमा बसेर पूरा गर्न सकुन् । स्कुलका गृहकार्यहरू अन्य क्रियाकलापहरू भन्दा प्राथमिकतामा राखेर पूरा गरिनुपर्छ ।

- यदि तपाईंको बच्चा अंग्रेजी सिक्दै छन् भने उनले टेलिभिजन हेर्दै गर्दा सबटाइटललाई खुला राख्नुहोस् । यसो गर्दा उनले एकै समयमा अंग्रेजी सुन्न तथा पढ्न सक्छन् ।

- Columbus Metropolitan Libraries (कोलम्बस महानगरीय लाइब्रेरीहरू) ले "गृहकार्यमा मद्दत" को अवसर प्रदान गर्छ । स्कुलको समय पश्चात तपाईंको बच्चा लाइब्रेरी गएर आफ्नो पढाइ तथा स्कुलको गृहकार्यमा मद्दत प्राप्त गर्न सक्छन् ।

- यदि तपाईंलाई अझ बढी अंग्रेजी सिक्नु आवश्यक छ भने हाम्रो Parent Literacy Program (अभिभावक साक्षरता कार्यक्रम) सहभागी हुनुहोस् । यसको लागि (614) 365-8802 मा फोन गर्नुहोस् । यसले तपाईंलाई कार्यस्थलमा मद्दत गर्नेछ र आफ्नो बच्चालाई उनको गृहकार्यमा मद्दत गर्न सक्षम बनाउँछ ।

- यदि तपाईंको बच्चालाई स्कुलमा कुनै कठिनाइ वा समस्या भएमा कृपया स्कुल, शिक्षक वा ESL विभागलाई सम्पर्क गर्नुहोस् । याद राख्नुहोस् कि यदि तपाईं र स्कुलको लागि कोही दोभाषेको रूपमा काम गरोस् भन्ने चाहनुहुन्छ भने तपाईंले (614) 365-8802 मा फोन गर्न सक्नुहुन्छ ।

# ESL स्कुलहरू

## Elementary Schools

Avalon
Broadleigh
Burroughs
Cassady
Columbus Spanish Immersion
Cranbrook
Devonshire
Eakin
East Columbus
East Linden
Easthaven
Ecole Kenwood
Forest Park
Gables
Georgian Heights
Highland
Hubbard Mastery
Innis
Linden Stem
North Linden
Northgate
Northtowne
Oakmont
Salem
Scottwood
Siebert
Sullivant
Valley Forge
West Broad
Woodcrest

## Middle Schools

Columbus Global Academy
Hilltonia
Johnson Park
Medina
*Mifflin Middle
Ridgeview
Wedgewood
Woodward Park

## High Schools

*Beechcroft
*Columbus Global Academy
*Columbus North International
*Independence
*Mifflin High
*Northland
*West
*Whetstone

Briggs (only has one ESL Teacher)
Walnut Ridge (only has one ESL Teacher)

*ESL Sheltered Sites

# ESL Service Center

Michael Sain, ESL Director
4077 Karl Rd.
Columbus, OH 43224
Program Office:  614-365-8802